# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, पौष २ गते, २०८० साल (अतिरिक्ताङ्क २२

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं. २

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८०

**प्रस्तावना**: प्रदेश निजामती सेवा ऐन, २०७९ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **दफा २ मा संशोधनः** प्रदेश निजामती सेवा ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ठ), (ढ) र (द) को सट्टा देहायको खण्ड (ठ), (ढ) र (द) राखिएको छः-

"(ठ) "प्रमुख सचिव" भन्नाले नेपाल सरकारले खटाएको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको कर्मचारी सम्झनु पर्छ।

(ढ) "प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती सेवा, स्थानीय सेवा तथा अन्य सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गत रहेको शाखा सम्झनु पर्छ।

(द) "सचिव" भन्नाले प्रदेश सरकारको अधिकृत एघारौं तहको कर्मचारीमध्येबाट जेष्ठता र कार्यकुशलताको आधारमा प्रदेश सरकारले नियुक्त गरेको कर्मचारी सम्झनु पर्छ। सो शब्दले प्रदेशमा सचिवको पदपूर्ति नभएसम्म नेपाल सरकारले प्रदेश सचिवको रूपमा खटाएको कर्मचारीलाई समेत जनाउनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

३. **<u>दफा ४ मा संशोधनः</u>** (१) मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (छ) झिकिएको छ।

(२) मूल ऐनको दफा ४ को उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएको छः-

“(२) उपदफा (१) बमोजिमका सेवा अन्तर्गत रहने समूह तथा उपसमूह तोकिए बमोजिम हुनेछ। यसरी नतोकिएसम्म कर्मचारी समायोजन हुँदाका बखत कायम गरिएका सेवा, समूह, उपसमूह कायम रहनेछन्।

(३) उपदफा (२) बमोजिम रहने समूह तथा उपसमूहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ। यसरी नतोकिएसम्म कर्मचारी समायोजन हुँदाका बखत कायम गरिएका पदहरुमध्ये रिक्त पदहरुमा पदपूर्तिका लागि हुने विज्ञापनमा उम्मेदवार हुन सम्बन्धित सेवा, समूह, उपसमूहका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्रचलित कानून अनुसार हुनेछ।”

४. **<u>दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को उपदफा (४) पछि देहायको उपदफा ४(क) थपिएको छ।

"४(क) उपदफा (४) बमोजिम दरबन्दी स्वीकृत गर्दा विभिन्न सेवामा आठौं तहमा कार्यरत कर्मचारी नवौं तहमा बढुवा हुनका लागि सम्बन्धित सेवा समूहका कर्मचारीको संख्याको अनुपात र कार्यबोझ समेतलाई आधार मानी यो ऐन प्रारम्भ भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ.एण्ड.एम.) स्वीकृत गरी दरबन्दी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सिर्जना गरेर प्रदेश सरकारले सबै सेवाका नवौं तहमा पदपूर्ति गर्नेछ।"

५. <u>दफा ८ मा संशोधनः</u> (१) मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

| तह | | खुला प्रतियोगिताद्वारा | अन्तर स्थानीय तह प्रतियोगिताद्वारा | बढुवाद्वारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| (घ) | सातौं | ६०% | १०% | - | १५% | १५% | |

(२) मूल ऐनको दफा ८ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ।

"(८) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम योग्यता पूरा भएमा सम्भाव्य उम्मेदवार हुनेछन्।"

(३) मूल ऐनको दफा ८ को उपदफा (१४) को दोश्रो प्रकरणमा उल्लेख भएको बाक्यांशको सट्टा देहायको बाक्यांश राखिएको छ।

"साथै समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा चौथो तहमा समायोजन भएका कर्मचारी प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) प्रारम्भ हुँदाका बखत चौंथो तहमा ५ वर्ष सेवा अवधि पुरा गरिसकेको भए पाँचौं तहमा एक पटकका लागि स्वतः बढुवा गरिनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. **<u>दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| (क) | आदिवासी/जनजाती | - पैंतीस प्रतिशत |
| (ख) | महिला | - तेत्तीस प्रतिशत |
| (ग) | दलित | - छ प्रतिशत |
| (घ) | आर्थिक रुपले विपन्न खस आर्य | - छ प्रतिशत |
| (ङ) | थारु | - छ प्रतिशत |
| (च) | मधेशी | - पाँच प्रतिशत |
| (छ) | मुस्लिम | - पाँच प्रतिशत |
| (ज) | अपाङ्ग | - चार प्रतिशत |

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि "आर्थिक रुपले विपन्न खस आर्य" समूहका लागि छुट्याईएको पदमा सहभागी हुनसक्ने उम्मेदवारहरुको सम्बन्धमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरिनेछ। यसरी सूचना प्रकाशन नभएसम्म सो समूहका लागि छुट्याईएको पद खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।"

७. **<u>दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को (ग) पछि देहायको (ग१) राखिएको छ।

"(ग१) "स्वास्थ्य सेवा" को विशेषज्ञ सेवाको हकमा ४५ वर्ष उमेर पुरा भएको।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

८. **दफा २० मा संशोधनः** मूल ऐनको दफा २० मा भएको प्रावधानको सट्टा देहायको प्रावधान राखिएको छः-

"प्रदेश निजामती सेवामा पहिलो पटक नियुक्ति भएको प्रत्येक कर्मचारीले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ। यसरी नतोकिए सम्म प्रचलित ढाँचाको प्रयोग गरिनेछ।"

९. **दफा २२ मा संशोधनः** मूल ऐनको दफा २२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवामा नियुक्ति भएका व्यक्तिले तीस दिनभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) भरी कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ। यसरी नतोकिए सम्म प्रचलित ढाँचाको व्यक्तिगत विवरण (सिटरोल) को प्रयोग गरिनेछ।"

१०. **दफा २७ मा संशोधनः** मूल ऐनको दफा २७ मा रहेको प्रावधानको सट्टा देहाय बमोजिमको प्रावधान राखिएको छः-

"यस ऐनको प्रयोजनको लागि प्रदेशको भौगोलिक क्षेत्रको वर्गीकरण तोकिए बमोजिम हुनेछ। यसरी नतोकिएसम्म सङ्घीय कानून बमोजिम हुनेछ।"

११. **दफा २९ मा संशोधनः** मूल ऐनको दफा २९ को उपदफा (३) झिकिएको छ।

१२. **दफा ३० मा संशोधनः** (१) मूल ऐनको दफा ३० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१) प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।"

(२) मूल ऐनको दफा ३० को उपदफा (१) पछि देहायको उपदफा (१क) राखिएको छ।

"(१क) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।"

(३) मूल ऐनको दफा ३० को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) यस ऐन बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | - अध्यक्ष |
| (ख) | प्रमुख सचिवले तोकेको कम्तिमा दशौं तह वा सो भन्दा माथिको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ग) | सेवासँग सम्बन्धित मन्त्रालयको सचिव | - सदस्य सचिव" |

(४) मूल ऐनको दफा ३० को उपदफा (५) हटाइएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१३. <u>दफा ३१ मा संशोधनः</u> मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छ।

<u>"३१. बढुवाको लागि न्युनतम सेवा अवधि र शैक्षिक योग्यताः</u> यस ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्यांकन तथा जेष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसतमा कम्तिमा ९० प्रतिशत अंक प्राप्त गरेका र विज्ञापन हुँदा "दरखास्त दिने अन्तिम मितिसम्ममा देहाय बमोजिमको न्युनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ"। देहायको महल यथावत रहनेछ।"

१४. <u>दफा ३२ मा संशोधनः</u> मूल ऐनको दफा ३२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहको पदमा कम्तीमा बाह्र वर्षसम्म बहाल रहिरहेका दशौं तह वा सो भन्दा मुनिका कर्मचारीको दफा ५७ बमोजिम अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ। राष्ट्रिय किताबखानामा सिटरोल दर्ता भएका कर्मचारीको हकमा सङ्घीय कानून बमोजिम हुनेछ।"

१५. <u>दफा ३६ मा संशोधनः</u> (१) मूल ऐनको दफा ३६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(१) कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ। यसरी नतोकिए सम्म प्रचलित फारामको प्रयोग गरिनेछ।"

(२) मूल ऐनको दफा ३६ को उपदफा (३) पछि देहायको उपदफा (३क), (३ख) र (३ग) थपिएकोछः-

"(३क) सहायकस्तरको कर्मचारीको सुपरिवेक्षक कम्तिमा निकटतम सातौं तहको कर्मचारी हुनेछ भने सो भन्दा कम्तिमा एक तह माथीको कर्मचारी पुनरावलोकन कर्ता हुनेछ। अधिकृतस्तरको कर्मचारीको सुपरिवेक्षक कम्तिमा एक तह माथिको कर्मचारी र पुनरावलोकन कर्ता सो भन्दा कम्तिमा एक तह माथिको कर्मचारी हुनेछ।

(३ख) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका लागि सहायकस्तरको कर्मचारीहरुका लागि पुनरावलोकन समितिको अध्यक्ष सम्बन्धित विषयगत मन्त्रालयको सचिव र सदस्यहरुमा सम्बन्धित पुनरावलोकन कर्ता र प्रमुख सचिवले तोकेको मन्त्रालयको नवौं वा दशौं तहको कर्मचारी रहनेछ। अधिकृतस्तरको कर्मचारीको लागि पुनरावलोकन समितिको अध्यक्ष प्रमुख सचिव र सदस्यहरुमा सम्बन्धित विषयगत मन्त्रालयको सचिव र प्रमुख सचिवले तोकेको मन्त्रालयको सचिव रहनेछ।

(३ग) यस ऐन बमोजिम कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने पदाधिकारीहरु तथा कार्यसम्पादन मूल्याङ्कन व्यवस्थापन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा प्रमुख सचिवस्तरीय निर्णय अनुसार कार्यसम्पादन गरिनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१६. **<u>दफा ४२ मा संशोधन</u>**ः मूल ऐनको दफा ४२ को उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छः-

"(क) <u>अधिकृतस्तर सातौं र सो भन्दा माथिल्लो तहको पदको लागि</u>

| | | |
|---|---|---|
| (१) | प्रदेश लोक सेवा आयोगको अध्यक्ष | - अध्यक्ष |
| (२) | प्रमुख सचिव | - सदस्य |
| (३) | प्रमुख सचिवले तोकेको सम्बन्धित विषय विज्ञता भएको प्रदेश सचिव | - सदस्य |
| (४) | प्रदेश लोक सेवा आयोगका अध्यक्षले मनोनीत गरेको सम्बन्धित विषयको विशेषज्ञ | - सदस्य |
| (५) | मन्त्रालयको कर्मचारी बढुवा विषय हेर्ने सचिव | - सदस्य सचिव |

(ख) <u>अधिकृतस्तर छैटौं र सो भन्दा मुनिका तहका पदको लागि</u>

| | | |
|---|---|---|
| (१) | प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य | - अध्यक्ष |
| (२) | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रशासन हेर्ने प्रदेश सचिव र | - सदस्य |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

निजको अनुपस्थितिमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका प्रदेश सचिव

(३) समितिको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(४) प्रमुख सचिवले तोकेको सम्बन्धित विषय विज्ञता भएको प्रदेश सचिव - सदस्य

(५) मन्त्रालयको कर्मचारी बढुवा विषय हेर्ने सचिव - सदस्य सचिव”

१७. <u>दफा ४६ मा संशोधनः</u> मूल ऐनको दफा ४६ को उपदफा (८) पछि देहायको उपदफा (९) राखिएको छ।

"(९) एघारौं तहको कर्मचारी प्रदेश सचिवमा नियुक्त भएमा २ (दुई) ग्रेड बराबरको एकमुष्ट रकम मासिक पारिश्रमिकमा थप गरी भुक्तानी गर्ने व्यवस्था गर्ने।"

१८. <u>दफा ११५ मा संशोधनः</u> मूल ऐनको दफा ११५ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-

“(२क) प्रचलित कानून बमोजिम कर्मचारीको अध्ययन बिदा र असाधारण बिदा प्रमुख सचिवले र अन्य बिदाहरु सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत हुनेछ।”

१९. <u>दफा १२५ मा संशोधनः</u> मूल ऐनको दफा १२५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(१) प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि यस ऐन र ऐन अन्तर्गत बनेको अन्य कानून बमोजिमको सेवा सुविधा उपलब्ध गराउने प्रयोजनको लागि कल्याणकारी कोष स्थापना गरी सञ्चालन गर्नु पर्नेछ।"

२०. मूल ऐनमा संशोधनः (१) मूल ऐनको दफा १२० पछि देहायको दफा १२०क थपिएको छः-

"१२०क. राजीनामा सम्बन्धी व्यवस्थाः (१) कर्मचारीले आफ्नो पदबाट राजीनामा दिन चाहेमा आफू कार्यरत कार्यालयमा लिखित रूपमा राजीनामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो कार्यालयमा पेश हुन आएको राजीनामा सम्बन्धित कर्मचारीलाई सनाखत गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएको राजीनामा अख्तियारवालाले प्रचलित कानून बमोजिम स्वीकृत गर्नेछ।

(४) राजीनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२१. मूल ऐनमा संशोधनः (१) मूल ऐनको दफा १३४ पछि देहायको दफा १३४क थपिएको छः-

"१३४क. करारका कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) करारका कर्मचारीलाई सामाजिक सुरक्षा योजनामा तोकिए बमोजिम समावेश गरिनेछ।

(२) उपदफा (१) बमोजिम सामाजिक सुरक्षा योजनाको अवधि त्यस्तो कर्मचारीको करार सम्झौतामा उल्लेखित हुनेछ।

(३) करारका कर्मचारीले निजामती कर्मचारीले पाए सरहको पोशाक भत्ता, चाडपर्व खर्च र महंगी भत्ता पाउनेछन्।

(४) करारका कर्मचारीले तोकिए बमोजिमको बिदा र अन्य सुविधा पाउन सक्नेछन्।

२२. बचाउः प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) अध्यादेश, २०८० बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरिएको मानिनेछ।

प्रमाणीकरण मितिः- २०८०/९/२

आज्ञाले,
लक्ष्मी प्रसाद पौडेल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- info.moial@koshi.gov.np